# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३] काठमाडौं, फाल्गुन २१ गते २०३० साल [संख्या ४६

श्री ५ को सरकार

वन मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "निकुञ्ज वा राष्ट्रिय निकुञ्ज" भन्नाले शाही चितौन राष्ट्रिय निकुञ्ज सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "संरक्षक (वार्डेन)" भन्नाले श्री ५ को सरकारबाट नियुक्त भएको राष्ट्रिय निकुञ्जको मुख्य अधिकृत सम्झनु पर्छ ।

३. राष्ट्रिय निकुञ्जको सिमानाः– राष्ट्रिय निकुञ्जको सिमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी घोषित गरिएबमोजिम हुनेछ ।

४. निकुञ्जभित्र प्रवेशः– (१) निकुञ्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले अनुसूची १ मा लेखिएबमोजिम दस्तूर बुझाउनु पर्नेछ र त्यस्तो दस्तूर बुझाउने व्यक्तिलाई संरक्षक वा सो कामको लागि श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीले अनुसूची २ बमोजिमको प्रवेश पत्र दिनेछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम १९ बमोजिम बाटोको सुविधा प्रयोग गर्ने व्यक्तिहरूले सम्बन्धित प्रवेश चौकीबाट अनुमति लिई निकुञ्जभित्रबाट हिंडेकोमा कुनै दस्तूर तिर्नु पर्ने छैन ।

(३) निकुञ्जको अध्ययन भ्रमण गर्न चाहने कुनै शिक्षण संस्था वा अन्य कुनै संस्थाको टोलीलाई संरक्षक (वार्डेन) ले निःशुल्क प्रवेश गर्न दिन सक्नेछ ।

५. निकुञ्जमा प्रवेश आफ्नै दायित्वमा हुनेः– प्रवेश पत्र लिई वा नलिई निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुञ्जभित्र कुनै किसिमको हानि-नोक्सानी भएमा वा चोटपटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानि–नोक्सानी, चोटपटक वा मृत्यु भए बापत क्षतिपूर्तिको निमित्त श्री ५ को सरकार जिम्मेवार हुने छैन ।

६. निकुञ्जभित्र गर्न निषिद्ध गरिएका कार्यहरूः– संरक्षक (वार्डेन) वा सो कामको लागि श्री ५ को सरकारबाट अधिकार प्राप्त कर्मचारीको लिखित अनुमति नलिई कुनै व्यक्तिले पनि निकुञ्जभित्र देहायका कामहरू गर्न पाउने छैन :–

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा आकार बनाउन वा भोग गर्न,

(ख) कुनै भूभाग कब्जा गर्न, फाँड्न वा आवाद गर्न,

(ग) घर पालुवा पशु वा पंछी चराउन वा तिनीहरूलाई पानी खुवाउन,

(घ) रूख, बिरुवा, झारी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न, छाँट्न वा वन पैदावार सुक्ने कुनै काम गर्न, आगो लगाउन वा अरू कुनै किसिमले हानि पुऱ्याउन,

(ङ) क्याम्प गर्न भनी छुट्टचाइएको स्थान बाहेक अन्यत्र रात बिताउन वा क्याम्प गर्न,

(च) क्याम्प गर्न छुट्टचाइएको स्थान वा संरक्षक (वार्डेन) ले तोकिदिएको स्थान बाहेक अन्य स्थानमा आगो बाल्न,

(छ) नियम १९ बमोजिम तोकिएको बाटो बाहेक अन्य बाटो वा ठाउँबाट कुनै घर पालुवा पशु लैजान वा हिंडाउन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२०

७. साथमा राख्न वा लैजान निषेध गरिएका बस्तुहरू:– संरक्षक (वार्डेन) को लिखित अनुमति विना कुनै व्यक्तिले निकुञ्जभित्र प्रवेश गर्दा वा रहँदा वा नियम १९ अन्तर्गत तोकिएको बाटोबाट हिंड्दा देहायका चीज बस्तुहरू साथमा लैजान वा राख्न पाउने छैन:–

(क) हातहतियार वा खरखजाना,

(ख) विष्फोटक पदार्थ वा त्यसका साधनहरू,

(ग) आखेटोपहार वा कुनै वन्य जन्तुको सुकेको वा आलो मासु,

(घ) धनुषवाण, खोर, धराप, पासो, जाल वा विष ।

८. जिम्मेवार हुने:– कसैले निकुञ्जको सिमानाभित्र वा बाहिरबाट आगो शुरू गरी निकुञ्ज-भित्रको वनस्पति, झार-पात वा कुनै अन्य चीज बस्तुलाई क्षति पुऱ्याएमा त्यस्तो क्षति बापत आगो सल्काउने वा शुरू गर्ने व्यक्ति जिम्मेवार हुनेछ ।

९. शिकार गर्न र चराहरूको गुंड हटाउन वा बिगार्न नहुने:– निकुञ्जको हितको लागि उपयुक्त हुने काम गर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना संकलन गर्न ऐन अन्तर्गत इजाजत प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षक (वार्डेन) को लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले निकुञ्जभित्र कुनै पनि वन्य जन्तु वा पंछीलाई शिकार गर्न, मार्न, पक्रन, लखेट्न, तर्साउन वा चोटपटक पुऱ्याउन वा कुनै पनि पंछीहरूको फुल वा गुंड हटाउन, भत्काउन, बिगार्न वा खलबल्याउन हुँदैन ।

१०. माछा मार्न अनुमति लिनु पर्ने:– (१) संरक्षक (वार्डेन) वा सो कामको निमित्त श्री ५ को सरकारले तोकेको कुनै कर्मचारीले तोकिदिएको शर्त पालना गर्ने गरी अनुसूची १ मा लेखिए-बमोजिम दस्तूर बुझाएमा मात्र निकुञ्जभित्र रहेको खोला वा पोखरीमा माछा मार्न सकिने छ ।

(२) उप–नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निकुञ्जको सिमानामा पर्ने राप्ती, नारायणी र रिउ नदीहरूमा भने सो नदीको वरपर बस्ने व्यक्तिहरूले संरक्षक (वार्डेन) ले तोकिदिएको शर्त र बन्देजको अधीनमा रही माछा मार्न सक्नेछन् ।

११. श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्ने:– (१) श्री ५ को सरकारको स्वीकृति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र माटो, ढुंगा, बालुवा वा अन्य कुनै खनिज पदार्थ खोज्न, खन्न वा हटाउन पाउने छैन ।

(२) कसैले निकुञ्जभित्र अनुसन्धानसम्बन्धी कुनै काम गर्न चाहेमा श्री ५ को सर-कारको स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धानको एक प्रति श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. विज्ञापन टाँस्न वा राख्न नपाइने:– ऐन अनुसार निकुञ्जभित्र स्थापित होटल, लज वा अन्य व्यावसायिक कारोवारको क्षेत्रहरूमा बाहेक निकुञ्जभित्र कुनै व्यक्तिले कुनै किसिमको चिन्हपट, सूचनापट, विज्ञापन वा अन्य यस्तै किसिमका पोष्टरहरू राख्न पाउने छैन ।

१३. बाजाहरू बजाउन नपाइने:– निकुञ्जभित्र स्थापित होटल, लज र अन्य यस्तै स्थानहरूमा बाहेक अन्यत्र रेडियो, टेप, रेकर्ड वा संगीतका यस्तै अन्य बाजाहरू बजाउन पाइने छैन ।

१४. फोहर मैला फाल्न नपाइने:– कुनै पनि व्यक्तिले निकुञ्जभित्र फोहर मैला गर्न वा फाल्न हुँदैन ।

१५. विषालु पदार्थ फ्याँक्न नपाइने:– निकुञ्जभित्र वा निकुञ्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमका कीटनाशक विष वा रासायनिक पदार्थ वा लठ्याउने वा विषाल पदार्थ फ्याँक्न वा निकुञ्ज भएर बग्ने नदी, खोला वा पानीको अन्य कुनै स्रोतमा हाल्न वा छर्न वा निकुञ्जभित्र पुग्ने गरी अरू तरिकाबाट हाल्न समेत हुँदैन ।

१६. निकुञ्जभित्र सवारी चलाउँदा पालन गर्नु पर्ने शर्त:- निकुञ्जभित्र सवारीको साधन चलाउने व्यक्तिले देहायका कुराहरूको अधीनमा रहेर मात्र सवारी चलाउनु पर्नेछ:–

(क) पाँच टनभन्दा बढी वजनको सवारी चलाउन पाइने छैन,

(ख) सवारीको साधन, पैदल यात्रु वा अन्य वस्तुहरूको आवागमनमा बाधा पर्ने गरी सवारी चलाउन वा अड्चाइ राख्न हुँदैन ।

(ग) तोकिएको गतिभन्दा बढी रफ्तारमा सवारी चलाउन वा हर्न बजाउन हुँदैन,

(घ) नियम १९ को उप-नियम (३) बमोजिम कुनै बाटो बन्द गरिएको अवस्थामा त्यस्तो बाटोबाट सवारी चलाउन हुँदैन ।

१७. इशारा संकेत मान्नु पर्ने:– निकुञ्जको क्षेत्रभित्र सबै सवारी चालकले निकुञ्जको कर्मचारीले गरेको इशारा वा संकेतलाई वा त्यस्तो इशारा वा संकेत जनाउनको लागि राखिएको कुनै चिन्हपटबमोजिम सवारी चलाउनु पर्नेछ ।

१८. आवागमनमा प्रतिबन्ध:– होटल, लज वा तोकिएको क्याम्प स्थानमा बाहेक संरक्षक (वार्डेन) को लिखित अनुमति विना साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म निकुञ्जभित्र पस्न, हिंडडुल गर्न हुँदैन ।

१९. बाटोको सुविधा:– (१) निकुञ्जभित्र अनुसूची ५ मा तोकिएबमोजिमको बाटोबाट पैदल यात्रा गर्न वा सवारी साधन चलाउन सुविधा हुनेछ ।

(२) उप-नियम (१) बमोजिमको बाटो संरक्षक (वार्डेन) ले चिन्हो लगाई तोकिदिएको ठाउँबाट मात्र उपयोग गर्नु पर्नेछ र संरक्षक (वार्डेन)को लिखित अनुमति विना कुनै पनि अवस्थामा कुनै व्यक्तिले त्यस्तो बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२२

(३) उप-नियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिकूल मौसममा त्यस्तो कुनै बाटो बन्द गर्न संरक्षक (वार्डेन) ले उपयुक्त ठानेमा मौसम अनुकूल नहुञ्जेलसम्म बन्द गर्न सक्नेछ ।

२०. दस्तूर बुझाउनु पर्नेः– (१) निकुञ्जभित्र देहायको काम कुरा गरे बापत अनुसूची १ मा तोकिएको दस्तूर बुझाउनु पर्नेछः–

(क) सवारी चलाएकोमा,

(ख) क्याम्प गरेकोमा,

(ग) निकुञ्जको गाईडको सेवा उपलब्ध गरेकोमा,

(घ) घर पालुवा जन्तु आपनो साथ लगेकोमा ।

(२) उप-नियम (१) बमोजिम दस्तूर बुझाउने व्यक्तिलाई अनुसूची ४ बमोजिमको रसीद दिइनेछ ।

२१. सवारीको साधन वा बस्तु पक्राउ गरिनेः– यस नियमावलीबमोजिम निकुञ्जभित्र सुविधा दिएको बाहेक अन्य बाटोबाट कुनै सवारीको साधन वा घर पालुवा जीवजन्तु हिंडाएको भेटिएमा संरक्षक (वार्डेन)ले तोकिदिएको दर्जाको निकुञ्जको कर्मचारीले पक्री सम्बन्धित अधिकारीको समक्ष कारवाईको लागि बुझाउनेछ ।

२२. गिरफ्तार गर्न सकिनेः–(१) संरक्षक (वार्डेन) बाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक (असिष्टेण्ट वार्डेन),वन्य जन्तु गार्ड वा निकुञ्जका अन्य कर्मचारीहरूले ऐनको वखिलाप काम गरेको अभियोगमा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको मालसामान वा सवारीको साधनको खानतलासी लिन सक्नेछ ।

(२) उप-नियम(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा भने विना वारेण्ट पनि अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सकिनेछ ।

२३. सरकारी कामको लागि निकुञ्जभित्र प्रवेशमा छूटः– यस नियमावलीमा लेखिएको कुनै कुराले पनि राष्ट्रिय निकुञ्ज वा अन्य कुनै सरकारी कार्यालयका कुनै कर्मचारीलाई आपनो कार्यालय वा अन्य कुनै सरकारी कार्यालयको आदेशानुसार कुनै सरकारी काम कारवाई कार्यान्वयन गर्नको लागि निकुञ्जभित्र कुनै समयमा पनि प्रवेश गर्न बाधा पुऱ्याएको मानिने छन ।

२४. अनुसूचीमा संशोधन गर्न सकिनेः– श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

२५. मुद्दा हेर्ने अधिकारीहरूः– (१) देहायको कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकार सहायक संरक्षक (असिष्टेण्ट वार्डेन) रहेकोमा सहायक संरक्षकलाई र निज नरहेकोमा रेञ्जरलाई हुनेछः–

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६२२

(क) एकसय रूपैयाँसम्म मोल पर्ने वन पैदावार अनियमित ढंगबाट हटाएमा, काटेमा वा झिकेमा,

(ख) प्रवेशपत्र वा अनुमति नलिई निकुञ्जभित्र प्रवेश गरेमा,

(ग) घर पालुवा जीव जन्तु वा पंछी निकुञ्जमा चराएमा वा पानी खुवाएमा,

(घ) छुट्टचाइएको क्याम्प स्थान वा संरक्षक (वार्डेन) ले तोकिदिएको स्थान बाहेक अन्यत्र रात बसेमा, क्याम्प गरेमा वा आगो बालेमा,

(ङ) तोकिएको बाटोबाहेक अन्य ठाउँबाट घर पालुवा जीव जन्तु हिंडाएमा,

(च) नियम १० को वर्खिलाप माछा मारेमा,

(छ) नियम १२ को वर्खिलाप कुनै चिह्नपट, सूचनापट, विज्ञापन वा पोष्टरहरू राखेमा वा टाँसेमा,

(ज) नियम १३ को वर्खिलाप कुनै संगीतका बाजा बजाएमा,

(झ) नियम १४ को वर्खिलाप फोहर मैला गरेमा,

(ञ) नियम १६ को वर्खिलाप हुने गरी सवारी चलाएमा, बढी रफ्तारमा सवारी चलाएमा वा इशारा संकेत नमानेमा,

(ट) बेलुका ६ बजेदेखि बिहान ६ बजेको बीच विना अनुमति निकुञ्जभित्र प्रवेश गरेमा वा हिंडडुल गरेमा,

(ठ) नियम १७ को वर्खिलाप हुने गरी सवारी चलाएमा,

(ड) नियम १६ को वर्खिलाप कुनै बाटो वा ठाउँबाट हिंडेमा ।

(२) देहायको कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने अधिकार संरक्षक (वार्डेन) लाई हुनेछ :–

(क) निकुञ्जको सिमाना, चिह्न, बार, पर्खाल, चिह्नपट वा सूचनाहरू नष्ट गरेमा, बिगारेमा, हटाएमा वा अन्य प्रकारले क्षति पुऱ्याएमा,

(ख) नियम ६ को खण्ड (क), (ख) र (घ) वर्खिलाप कुनै काम गरेमा वा एक सयदेखि बढी मोल पर्ने, रूख, विरूवा वा अन्य कुनै वन्य पैदावार काटेमा, ढालेमा, हटाएमा वा झिकेमा वा अन्य कुनै तरीकासंग हानि पुऱ्याएमा,

(ग) नियम ७ बमोजिम निषेध गरिएको कुनै पदार्थ निकुञ्जभित्र लगेमा,

(घ) निकुञ्जको बाहिरबाट वा भित्र आगो बाली कुनै झारपात वा बनस्पतिलाई क्षति पुऱ्याएमा,

(ङ) नियम ९ को वर्खिलाप निकुञ्जभित्र पंछीहरूको शिकार गरेमा वा त्यसको फुल वा गुंड हटाएमा, बिगारेमा वा खलबल्याएमा,

(च) नियम ११ को वर्खिलाप कुनै खनिज पदार्थ खनेमा वा ढुंगा, बालुवा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माटो, कंकड वा यस्तै अरू पदार्थ सारेमा वा हटाएमा,

(छ) नियम १५ विपरित कीटनाशक वा विषालु पदार्थहरू छरेमा, हालेमा वा फ्याँकेमा ।

(३) उप-नियम (१) र (२) मा उल्लेख भएका कसूर बाहेक अन्य अभियोगमा चलाइएको कसूरको कारवाई र किनारा गर्ने अधिकार चितौन प्रधान वन कार्यालयको कञ्जरभेटरलाई हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ४,१० र २० संग सम्बन्धित)

**(क) निकुञ्जको प्रवेश दस्तूर (प्रति व्यक्ति प्रत्येक प्रवेशको लागि)**

| | |
|---|---|
| नेपाली नागरिकलाई– | रू. ५।– |
| विदेशी नागरिकलाई– | रू. २०।– |

५ वर्षदेखि १२ वर्षसम्मका केटाकेटीलाई माथिको दस्तूरको आधा–

५ वर्षभन्दा मुनिका बच्चाबच्चीहरूको लागि निःशुल्क ।

**(ख) सवारी साधन दस्तूर (बाटोको सुविधा प्राप्त बाटो वा अन्य बाटोको लागि)**

| | |
|---|---|
| कार, जीप––– | रू. १०।– |
| लहरी, बस, ट्रैक्टर र पाँच टनसम्मको ट्रक– | रू. १५।– |
| भैंसी वा बयल गाडा– | रू. १।– |

**(ग) प्रत्येक रातको क्याम्प गर्न (बास बस्ने) दस्तूर**

| | |
|---|---|
| नेपाली नागरिक– | रू. २।५० |
| विदेशी नागरिक– | रू. १०।– |

५ वर्षदेखि १२ वर्षसम्मका केटाकेटीलाई माथिको दस्तूरको आधा–

५ वर्षभन्दा मुनिका बच्चाबच्चीको लागि निःशुल्क ।

**(घ) गाईडको सेवा उपलब्ध गरे बापत लाग्ने दस्तूर**

| | |
|---|---|
| प्रत्येक गाईड प्रति दिनको– | रू. २०।– |

**(ङ) प्रत्येक घर पालुवा जीवजन्तुलाई निकुञ्जको सुविधा प्राप्त बाटोबाट लैजाँदाको दस्तूर**

| | |
|---|---|
| हात्ती– | रू. २।– |
| भैंसी, रांगा, गाई, गोरू, घोडा र खच्चर समेत– | रू. ।२५ |
| भेंडा, बाख्रा, कुकुर, सुँगुर र अन्य यस्तै– | रू. ।१० |

**(च) माछा मार्ने दस्तूर**

| | |
|---|---|
| नेपाली नागरिक– | रू. ५।– प्रतिदिन |
| विदेशी नागरिक– | रू. १०।– प्रतिदिन |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२
(नियम ५ संग सम्बन्धित)
श्री ५ को सरकार
वन मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय
शाही चितौन राष्ट्रिय निकुञ्ज
प्रवेश पत्र

नाम, थर, बतन...... सि.नं....
उमेर........
नागरिकता........
प्रवेश दस्तूर........

दस्तूर बुझिलिनेको सही........

द्रष्टव्य:– निकुञ्जभित्र प्रवेश गर्ने व्यक्तिले शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को पालना गर्नु पर्नेछ ।

अनुसूची–३
(नियम १० संग सम्बन्धित)
श्री ५ को सरकार
वन मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय
शाही चितौन राष्ट्रिय निकुञ्ज
अनुमति पत्र

सि.नं.........

१. अनुमति पत्र प्राप्त व्यक्तिको नाम, थर........
२. अनुमति पत्र प्राप्त व्यक्तिको ठगाना........
   (क) स्थायी........
   (ख) अस्थायी........
३. अनुमति पत्र प्राप्त व्यक्तिको नागरिकता........
४. माछा मार्न पाइने खोला वा पोखरीको नाम वा त्यसको खण्ड वा हिस्साको विवरण ......
५. अनुमति पत्र बहाल रहने दिन वा अवधि... ... ...
६. अनुमति पत्र बापत बुझाएको दस्तूर... ... ...

अनुमति पत्र प्रदान गर्ने अधिकारीको दस्तखत..........
अनुमति पत्र प्रदान गर्ने अधिकारीको दर्जा........
मिति..............

द्रष्टव्य:– यो अनुमति पत्र प्राप्त गर्ने व्यक्तिले संरक्षक (वार्डेन) वा सो कामको निमित्त श्री ५ को सरकारल तोकेको कर्मचारीले तोकेको शर्तको अधीनमा रही माछा मार्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२८

अनुसूची–४
(नियम २० संग सम्बन्धित)
श्री ५ को सरकार
वन मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण कार्यालय
शाही चितौन राष्ट्रिय निकुञ्ज

सवारी, घर पालुवा जीवजन्तुको दस्तूर बुझाएको रसीद

वतन............

नाम र थर........
सवारी । घर पालुवा जीवजन्तुको किसिम........
सवारी नम्बर........
दस्तूर........
बुझाउनेको सही........

दस्तूर बुझिलिनेको सही........

द्रष्टव्यः– (१) यो रसीद आफूले राष्ट्रिय निकुञ्जको क्षेत्र छाड्ने ठाउँको तगारो वा चौकीमा बुझाउनु पर्छ ।

(२) सवारी चलाउने वा घर पालु जीवजन्तु निकुञ्जको भित्रबाट लैजाने व्यक्तिले शाही चितौन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को पालना गर्नु पर्नेछ ।

अनुसूची–५
(नियम १९ संग सम्बन्धित)

(क) सवारी साधन र पैदल यात्रुको लागि बाटोहरूः–

| | |
|---|---|
| (१) सोराहा— | जय मंगला, |
| (२) घटगाई— | पौवा, |
| (३) ध्रुबघाट— | वनकट्टा, |
| (४) भोसरघाट— | लोखानी । |

(ख) पैदल यात्रुको लागि मात्र :–

भीमपुर ———————— सिस्नेठाँटी ———————— अमुवा ।

आज्ञाले–
थीरबहादुर रायमाझी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
६९२८